# गैरआवासीय नेपाली संघ

## अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारणसभा वा विशेष साधारणसभा संचालन सम्वन्धी नियमावली, २०२१

अन्तर्राष्ट्रिय समन्वय परिषद्‌बाट पारित भएको मितिः २०२१ जुलाई १७

**प्रस्तावना:** गैरआवासीय नेपाली संघको विधान (संशोधित विधान २०१७) को दफा १३ र १४ मा उल्लेखित अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारणसभालाई व्यवस्थित र मर्यादित बनाउनको लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्‌ले गैरआवासीय नेपाली संघको विधान २००३ (२०२१ संशोधन सहित) को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

(१) यी नियमहरुको नाम **"अन्तर्राष्ट्रिय महाधिवेशन तथा साधारणसभा वा विशेष साधारणसभा संचालन सम्बन्धी नियमावली,** २०२१" रहेको छ ।

(२) यो नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्‌ले निर्णय गरेको मिति बाट लागू हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "**संघ**" भन्नाले गैरआवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) "**विधान**" भन्नाले संघको विधान २००३ (२०२१ संशोधन सहित) लाई जनाउनेछ ।

(ग) "**अन्तर्राष्ट्रिय समन्वय परिषद्**" भन्नाले संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्‌लाई जनाउनेछ ।

(घ) "**महाधिवेशन**" भन्नाले संघको अन्तर्राष्ट्रिय महाधिवेशन लाई जनाउनेछ ।

(ङ) "**साधारणसभा**" भन्नाले संघको वार्षिक साधारणसभा वा विशेष साधारणसभावलाई जनाउनेछ ।

(च) "**परिचयपत्र**" भन्नाले महाधिवेशनमा भाग लिन आउने प्रतिनिधिलाई अन्तर्राष्ट्रिय समन्वय परिषद्‌ले जारी गरेको परिचयपत्रलाई जनाउनेछ ।

(छ) "**निर्वाचन अनुगमन समिति**" भन्नाले संघको विधानको दफा २१.८ मा व्यवस्था भएको निर्वाचन अनुगमन समितिलाई जनाउनेछ ।

३. **महाधिवेशन तथा साधारणसभा वा विशेष साधारणसभाका प्रतिनिधि र दस्तावेजको तयारी:**

(१) महाधिवेशन तथा साधारणसभाका प्रतिनिधीहरुको छनोट विधानको दफा १३.७ अनुसार हुनेछ ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्‌ले साधारणसभामा छलफल गरि पारित गरिने वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, विधान संशोधनका प्रस्तावहरु साधारणसभा पूर्व तयार गर्नुपर्ने छ । यस्ता प्रस्तावहरुको दस्ताबेज तयार गरी साधारणसभाका प्रतिनिधिहरुलाई साधारणसभा आयोजना हुनुभन्दा एक महिना अगाडी उपलव्ध गराईनेछ ।

(३) साधारणसभा तथा महाधिवेशनका काम कारवाहीहरु संघको विधानको दफा १४ अनुसार हुनेछ ।

४. **महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभाको स्थान समय, अध्यक्षता, सञ्चालन, आसन ग्रहण:**

(१) अन्तर्राष्ट्रिय समन्वय परिषद्‌ले निर्दिष्ट गरेको मिति, समय र स्थानमा महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभा सञ्चालन हुनेछ ।

(२) अन्तर्राष्ट्रिय समन्वय परिषद्‌का वर्तमान पदाधिकारी तथा सदस्यहरु, पूर्व अध्यक्षहरु, संरक्षकहरु, सल्लाहाकारहरु, मानार्थ सदस्यहरु, महाधिवेशन प्रतिनिधीहरु र संघको विधानले व्यवस्था गरेका

पर्यवेक्षकहरुलाई मात्र सभा हलमा प्रवेश गराईने छ र यिनीहरुलाई सभाहलमा छुट्टा छुट्टै स्थानमा आसन ग्रहण गराईनेछ । महाधिवेशनमा प्रवेश गर्न अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको परिचयपत्र देखाउनु पर्नेछ ।

(३) महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभाका प्रतिनिधीहरुको अभिलेख संघको MIS प्रणालीमा राखिनेछ ।

(४) महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभाको अध्यक्षता संघको अध्यक्षले र अध्यक्षको अनुपस्थितिमा ६ (छ) उपाध्यक्षहरु मध्ये १ (एक) उपाध्यक्षले गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले अध्यक्षता गर्ने उपाध्यक्षको चयन गर्नेछ । अध्यक्ष वा उपाध्यक्षको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले चयन गरेको व्यक्तिले गर्ने छ ।

(५) महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभाको संचालन संघको महासचिवले गर्नेछ । निजको अनुपस्थितिमा चार सचिवहरु मध्ये एकले गर्नेछ । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभा संचालन गर्ने सचिवको चयन गर्नेछ । सचिवहरुको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको व्यक्तिले महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभा सञ्चालन गर्नेछ ।

(६) अध्यक्षता ग्रहण पछि सभा संचालकले अन्तर्राष्ट्रिय समन्वय परिषद्का वर्तमान पदाधिकारीहरु तथा सदस्यहरु, पूर्व अध्यक्षहरु, संरक्षकहरु, मानार्थ सदस्यहरु र सल्लाहकारहरुको आसन ग्रहण गराउनेछ ।

(७) महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभाको उद्घाटन लगायत सभाका अन्य औपचारिक प्रकृया र अध्यक्षको उद्घाटन भाषण (Opening Statement) पछि महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभाको औपचारिक रुपमा शुरु हुनेछ ।

(८) महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभामा अनलाईन अथवा भौतिक रुपमा उपस्थित भई आयोजना गर्न सकिने छ ।

## ५. <u>कोरम, मत र अनुमोदन वा स्वीकृति:</u>

(१) महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभाको कोरमको लागि ५१ (एकाउन्न) प्रतिशत प्रतिनिधिहरु सभाहलमा उपस्थित हुनु पर्नेछ । पहिलो पटक कोरम नपुगेमा अध्यक्षले केही समयको लागि महाधिवेशन स्थगन गर्न सक्नेछ । तद्पश्चात सभाहलमा उपस्थित प्रतिनिधीहरुलाई नै कोरम मानि महाधिवेशनको प्रकृया अगाडि बढाईने छ ।

(२) महाधिवेशनमा प्रस्ताव गरिएको बिषय वस्तुको गम्भिरता र अवस्थालाई विचार गरेर हात उठाएर वा गोप्य मतदानबाट निर्णयमा पुगिनेछ ।

(३) आर्थिक र वार्षिक प्रतिवेदनको अनुमोदनका लागी साधारणसभामा उपस्थित ५० (पचास) प्रतिशत भन्दा बढी प्रतिनिधीहरुको मत प्राप्त हुनु पर्नेछ । विधान संशोधनको लागी भने कम्तिमा दुई तिहाई मतको आवश्यक पर्नेछ ।

(४) महाधिवेशन, साधारणसभा वा विशेष साधारणसभामा उपस्थिति जनाउने संख्यालाई गणपुरक संख्या मानिने छ ।

६. **<u>वार्षिक प्रतिवेदन:</u>**

चालु कार्यकालमा संघले गरेको विविध कार्यक्रमको प्रगति, उपलव्धी र भावी कार्यदिशाको वार्षिक प्रतिवेदन महासचिवले प्रस्तुत गर्नेछ । महासचिवको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सचिवहरु मध्ये एकलाई जिम्मेवारी तोक्ने छ । यस प्रतिवेदनमा वार्षिक साधारणसभा वा विशेष साधारणसभा हलमा छलफल गरि नियम ५ मा उल्लेखित मतदान प्रकृयाबाट पारित गरिनेछ । प्रतिवेदन साधारण सभा हुनु भन्दा १ महिना अगाडी सम्पूर्ण वार्षिक साधारणसभा वा विशेष साधारणसभा प्रतिनिधिहरुलाई पठाउनु पर्नेछ वा साधारणसभाको दिन उक्त प्रतिवेदन पुस्तिकाको रुपमा उपलब्ध गर्नु पर्नेछ ।

७. **<u>आर्थिक प्रतिवेदन:</u>**

(१) चालु कार्यकालमा भएका संघका आर्थिक कृयाकलाप, आम्दानी खर्चको विवरण सहितको आर्थिक प्रतिवेदन कोषाध्यक्षले प्रस्तुत गर्नेछ । कोषाध्यक्षले आगामी वर्षको अनुमानित बजेट प्रस्तुत गर्न सक्नेछ । कोषाध्यक्षको अनुपस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले सहकोषाध्यक्षहरु मध्ये एकलाई जिम्मेवारी तोक्ने छ । यस प्रतिवेदनमा छलफल गरि नियम ६ मा उल्लेखित मतदान प्रकृयाबाट पारित गरिनेछ ।

(२) प्रतिवेदन वार्षिक साधारणसभा वा विशेष साधारणसभा हुनु भन्दा १ महिना अगाडी सम्पूर्ण साधारण सभाका प्रतिनिधिहरुलाई पठाउनु पर्नेछ वा साधारणसभाको दिन उक्त प्रतिवेदन पुस्तिकाको रुपमा उपलब्ध गर्नु पर्नेछ ।

(३) विधानको दफा २७ अनुसार आय व्ययको विवरण नेपाल सरकारको लेखा प्रणाली वमोजिम तयार हुनेछ । यस प्रायोजनका लागि साधारणसभाले एक लेखापरिक्षकको नियुक्ती गर्नेछ ।

(४) विधानको दफा २७ अनुसार वार्षिक साधारणसभा वा विशेष साधारणसभाका प्रतिनिधिहरुले आगामी कार्यकालका लागि नेपाल सरकारबाट मान्यता प्राप्त लेखापरिक्षकहरु मध्यबाट लेखा परिक्षक नियुक्ति गरी पारश्रमिक तोक्ने छ ।

८. **<u>विधान संशोधन:</u>**

संघको **'विधान संशोधन तथा नियमावली निर्माण सम्वन्धी नियमवाली, २०२१"** अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तयार पारेको संशोधनको प्रस्ताव छलफलका लागी प्रस्ताव गरिनेछ । उक्त प्रस्ताव अन्तर्राष्ट्रिय समन्वय परिषद्को तर्फबाट विधान संशोधन सुझाव समितिको संयोजकले पेश गर्नेछ । यस प्रस्ताव माथी छलफल गरि धारा ६ मा उल्लेखित मतदान प्रकृयाबाट विधान संशोधन गरिनेछ । विधान संशोधनका अन्य प्रकृया **'विधान संशोधन सुझाव तथा नियमावली निर्माण नियमवाली, २०२१"** अनुसार हुनेछ ।

९. **<u>निर्वाचन:</u>**

(१) निर्वाचन समितिले संघको "निर्वाचन सम्वन्धी नियमावली, २०२१" अनुसार निर्वाचन गर्नेछ ।

(२) निर्वाचन भौतिक वा अनलाईन माध्यमबाट संचालन गर्न सकिनेछ ।

(३) निर्वाचित अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी र सदस्यहरुको घोषणा प्रमुख निर्वाचन अधिकृतले महाधिवेशन हलमा घोषणा गर्नेछ ।

१०. **<u>समापन, सपथ ग्रहण, चालु समिति भंग:</u>**

अन्तर्राष्ट्रिय महाधिवेशन अन्तर्गत हुने निर्वाचन प्रकृया सम्पन्न भए पछि संघको अध्यक्षले महाधिवेशनको समापनको घोषणा गर्नेछ । नयाँ निर्वाचित आन्तर्राष्ट्रिय समन्वय परिषद्को सपथ ग्रहण प्रमुख निर्वाचन अधिकृतले गराउनेछ । नयाँ निर्वाचित आन्तर्राष्ट्रिय समन्वय परिषद्ले सपथ लिए पछी पुरानो परिषद् स्वत भंग हुनेछ ।

११. **<u>बाधा अड्काउ फुकाउः</u>**

यस नियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा निर्वाचन समितिको अनुरोधमा त्यस्तो बाधा अड्काउ संघको विधानसँग नबाझिने गरी अन्तर्राष्ट्रिय समन्वय परिषदले फुकाउन सक्ने छ ।

१२. **<u>यसै नियमावली बमोजिम हुनेः</u>**

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

१३. **<u>खारेजी र बजाउः</u>**

(१) अन्तर्राष्ट्रिय महाधिवेशन संचालन सम्वन्धी नियमावली, २०१९ खारेज गरिएको छ ।

(२) अन्तर्राष्ट्रिय महाधिवेशन संचालन सम्वन्धी नियमावली, २०१९ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

।।समाप्त।।